भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको १५ औं बैठकका निर्णयहरु
मिति : २०८०/०५/१० गते

## नगर कार्यपालिकाको १५ औं बैठकका निर्णयहरु :-

निर्णय नं. १ : २०८० श्रावण १० गते बसेको नगर कार्यपालिकाको १४ औं बैठकका निर्णयहरु कार्यान्वयनको प्रगति समीक्षा गरियो । साथै दिसाजन्य लेदो व्यवस्थापन सम्वन्धी मिति २०८० साल श्रावण २७ गतेदेखि भाद्र ३ गतेसम्म भारतको हैदरावाद र उडिसा शहरमा भएको अध्ययन अवलोकन भ्रमण कार्यक्रममा यस नगरपालिकाका उपप्रमुख श्री कमला बस्नेतले सहभागिता जनाउनुभएकोमा सो अवलोकन भ्रमणका अनुभव र सम्भावना सम्वन्धमा उहाँले कार्यपालिकाको बैठकमा प्रस्तुत गर्नुभयो । उक्त कार्यक्रममा यस नगरपालिकाका नगर उपप्रमुख श्री कमला बस्नेतलाई सहभागी हुने अवसर प्रदान गरेकोमा नेपाल नगरपालिका संघलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : भीमेश्वर नगरपलिका क्षेत्रमा सुपारिजन्य गुट्खा, पानपराग जस्ता वस्तुहरुको सेवन र यसबाट उत्पादन हुने प्लास्टिकजन्य फोहोरले पार्ने दीर्घकालीन र जनस्वास्थ्यमा पार्न सक्ने असर समेतलाई ध्यानमा राखी गुट्खा, पानपराग जस्ता वस्तुहरुको बिक्रि/वितरण, सेवन गर्ने कार्यलाई व्यवस्थापन गर्न चेतनामूलक कार्यक्रम गर्दै गुट्खा, पानपराग जस्ता वस्तुहरुलाई यस नगरपालिकाको मुख्य बजार क्षेत्रको सार्वजनिक स्थलहरुमा सेवन तथा बिक्रि वितरण गर्ने कार्यलाई निषेध गर्दै जानका लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ३ : चरिकोट खानेपानी तथा सरसफाई उपभोक्ता समिति र चरिकोट खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई एकीकृत गरी नगरपालिकाको बजार क्षेत्रमा खानेपानी उपलव्ध गराउने साथै सो को सुलभ वितरण गर्ने व्यवस्था मिलाउन दुबै संस्थालाई मिति २०८० साल असोज १५ गतेभित्र साधारणसभा सम्पन्न गरी यस नगरपालिकामा प्रतिवेदन पेश गर्नका लागि निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ४ : संघीय सशर्त अनुदान अन्तर्गत शहरी शासकीय पूर्वाधार आयोजनाबाट यस नगरपालिकालाई चालु आ.व. २०८०/०८१ मा प्राप्त भएको रु २३,००,०००/- (तेईस लाख) अनुदान बजेट मध्येबाट देहाय बमोजिमका आयोजनाहरु सन्चालन गर्ने निर्णय गरियो ।

तपसिल :

क) भीनपा ६, रामकोटस्थित लट्टेश्वरमार्ग अन्तर्गत सडक, नाला लगायत पूर्वाधार निर्माण कार्यका लागि रु १३,००,०००/- (तेह्र लाख)

ख) भीनपा २, मन्याङखोला दलित बस्ती संरक्षण, टेवा पर्खाल निर्माण कार्यका लागि रु १०,००,०००/- (दश लाख)

२०८०/०५/१०
दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ५ : यस नगरपालिकाको वडा नं. २, ३ र ६ का मुख्य बजार क्षेत्रमा सडक तथा पेटीको नियमित सरसफाई तथा बोट बिरुवाहरुको गोडमेल, हेरचाह, संरक्षण गर्नका लागि तीन (३) महिनाका लागि देहाय अनुसारको जनशक्तिलाई दैनिक डोर हाजिरी (ज्यालादारी) मा कामकाज लगाउनका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

क) दैनिक डोर हजिरीमा मा कुचिकार १ जना राख्ने (श्रम ऐन बमोजिमको न्यूनतम् ज्यालामा)

ख) दैनिक डोर हजिरीमा माली १ जना राख्ने (श्रम ऐन बमोजिमको न्यूनतम् ज्यालामा)

निर्णय नं. ६ : यस वर्षको वर्षादको कारण नगर क्षेत्रका घर तथा अन्य भौतिक संरचनाहरुमा भएको क्षतिलाई रोकथाम तथा व्यवस्थापन गर्न हालसम्म प्राप्त भएका निवेदन/मागहरु मध्ये नियमानुसार हालसम्म कार्य सम्पन्न भई आएका निवेदनहरुलाई प्राविधिक मूल्यांकन प्रतिवेदन, सम्वन्धित वडा कार्यालयको सिफारिस र नगर कार्यपालिकाबाट यसअघि निर्धारण गरिएको मापदण्डको आधारमा भुक्तानी प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ७ : भीमेश्वर नगरपालिका क्षेत्रभित्रका सार्वजनिक जग्गामा व्यापार/व्यवसाय सन्चालन गर्दै आएका व्यवसायीहरुबाट व्यवसाय दर्ता गर्न माग भई आएकोमा प्राप्त भएका निवेदनहरुको आवश्यक छानविन गरी नियमानुसार हुने गरी व्यवसाय दर्ता तथा बहाल विटौरी कर संकलन गर्ने कार्य प्रक्रिया अगाडि बढाउनका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ८ : यस नगरपालिका वडा नं. ३ स्थित कृषि उपज बजार सन्चालक समितिले कृषि उपज बजार सातदोवाटो स्थित कृषि उपज बजारसंचालक समितिको लागत साझेदारीमा निर्माण सम्पन्न भएको भवनको सटर माग भई आएकोले आवश्यक अध्ययन गरी १० दिनभित्र प्रतिवेदन पेश गर्न यस नगरपालिकाको आर्थिक विकास समितिका संयोजक श्री बासु श्रेष्ठको संयोजकत्वमा रहेको आर्थिक विकास समितिलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ९: भीमेश्वर नगरपालिका वडा न. ३ चरिकोट बजारस्थित सातदोबाटो चोकमा भीमेश्वर नगरपालिकाद्वारा निर्माण भई भीमेश्वर नगरपालिकाको स्वामित्वमा रहेको "सातदोबाटो बहुउद्देश्यीय व्यावसायिक भवन" को सार्वजनिक–निजी साझेदारी विधिबाट विकास, सन्चालन र हस्तान्तरणका लागि सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, भीमेश्वर नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७७, भीमेश्वर नगरपालिकाको सार्वजनिक निजी साझेदारी नियमावली, २०७७ र अन्य प्रचलित कानुन अनुसार मिति २०८०/०२/०८ मा प्रस्तावपत्र स्वीकृति र मिति २०८०/०२/०९ मा e-GP (www.bolpatra.gov.np) मार्फत बोलपत्र आह्वान सम्वन्धी सूचना प्रकाशन (ठेक्का न. BNP/NCB/GOODS-RENT/2079-080/E/01) भई (मिति २०८०/०२/१० को नगर कार्यपालिकाको बैठकको निर्णय.न. २ बाट अनुमोदन भएको) मिति २०८०/०३/२५ को बोलपत्र

२०८०/०५/१०

मूल्याङ्कन समितिको सिफारिस, मिति २०८०/०४/१० को नगर कार्यपालिकाको बैठकले दर्ता भएको अदिति एण्ड अदिश स्टोर एण्ड सप्लायर्सले पेश गरेको बोलपत्र विधिसम्मत भएकोले उक्त बोलपत्रलाई स्वीकृत गरी सम्झौताको प्रक्रिया अगाडि बढाउने निर्णय एवम् मिति २०८०/०४/१७ र मिति २०८०/०५/०७ को नगर प्रमुखस्तरीय निर्णयानुसार अदिती एण्ड अदिश स्टोर एण्ड सप्लायर्सको बोलपत्र स्वीकृत भई उक्त कम्पनि संग सम्झौता गर्ने स्विकृती प्रदान गर्नका लागि कार्यपालिकाको यस बैठकमा पेस भएको सन्दर्भमा "सातदोबाटो बहुउद्देश्यीय व्यावसायिक भवन" को सार्वजनिक–निजी साझेदारी विधिबाट विकास, सञ्चालन र हस्तान्तरणका लागि अदिती एण्ड अदिश स्टोर एण्ड सप्लायर्सको बोलपत्र स्वीकृत गर्ने र उक्त निजी साझेदार अदिती एण्ड अदिश स्टोर एण्ड सप्लायससँग "सातदोबाटो बहुउद्देश्यीय व्यावसायिक भवन" को सार्वजनिक–निजी साझेदारी विधिबाट ११ (एघार) वर्षसम्मका लागि विकास र सञ्चालन गरी तत्पश्चात सही सलामत अवस्थामा भीमेश्वर नगरपालिकालाई हस्तान्तरण गर्नका लागि दुवै पक्षहरुले पेश भएको सम्झौतामा उल्लिखित सर्तहरुको पालना गर्ने गरी मिति २०८० साल असोज १ गतेदेखि लागु हुनेगरी सम्झौता गर्न नगर कार्यपालिकाको कार्यालयलाई अनुमति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १० : यस कार्यालय अन्तर्गत ठेक्का नं. BMP/NCB/WORKS/2074-75-6 को सातदोबाटो बहुउद्देश्यीय व्यावसायिक भवन (सार्वजनिक शौचालय सहित) को निर्माण कम्पनी श्यामसुन्दर निर्माण सेवा प्रा.लि.ले निर्माण कार्य सम्पन्न गरी मिति २०७९/०३/२७ मा भुक्तानीका लागि ठेक्का बिल पेश गरेको तर अस्वस्थताका कारणले भुक्तानी लिन आउन असमर्थ भएको व्यहोराको निवेदन कार्यालयमा पेश गरेको र त्यसपछि लामो समयसम्म सम्पर्कमा नरहेको र उक्त ठेक्काको म्याद २०७९ आषाढ मसान्तसम्म रहेकोमा पुनः २०८०/०३/२६ मा भुक्तानीका लागि पहिला सम्झौताका बखतमा पेश गरेको 001..PB..50092/19 नं. को कार्य सम्पादन बैंक जमानतलाई निरन्तरता हुने गरी नबिल बैंकले मिति २७, अगस्त २०२३ मा जारी गरेको मिति १७, अक्टोबर,२०२३ (२०८०/०६/३०) सम्म म्याद भएको कार्यसम्पादन जमानत समेत संलग्न राखी निवेदन पेश गरेको हुँदा यस अघिको प्राविधिक मुल्यांकन तथा स्वीकृत ठेक्का विलको आधारमा अन्तिम भुक्तानी प्रयोजनका लागि उक्त ठेक्काको म्याद मिति २०८०/०६/३० गतेसम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : भीमेश्वर नगरपालिकाको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत भीमेश्वर नगरपालिका ५ नं. वडा कार्यालयको नयाँ भवन निर्माणका लागि ५ नं. वडा समितिको निर्णय र वडा कार्यालयको सिफारिस बमोजिम साविक माटी गा.वि.स. वडा नं. ३ मा रहेको कि.नं. ८५३, ८५४ र ९३७ को ३६२ व.मी., ७३७ व.मी. र १६८ व.मी. क्षेत्रफल भएको उक्त जग्गामा नयाँ वडा कार्यालय भवन निर्माण गर्न ठेक्का सम्वन्धी सूचना प्रकाशन लगायत निर्माण सम्वन्धी सम्पूर्ण प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२०८०/०५/१०

दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

निर्णय नं. (१२) विविध विषयहरु :-

क) यस नगरपालिकाको चालु आ.व. २०८०/०८१ मा विनियोजित बजेट शी.नं. ५० को जात्रापर्व सन्चालन खर्च रु१०,००,०००/-(दशलाख) मध्येबाट तपसिल बमोजिमका संस्थाहरुलाई आवश्यक कागजात बिल, भरपाई, वडाको सिफारिसको आधारमा जात्रापर्व सन्चालन गर्न निम्नानुसारको रकम सहयोग प्रदान गर्ने निर्णय गरियो।

१) वडा नं.२दोलखा बजारको जात्रा पर्व सन्चालन गर्न रु ६,००,०००/- (छ लाख)

२) वडा नं.३चरिकोट बजारको जात्रा पर्व सन्चालन गर्न रु २,००,०००/-(दुई लाख)

३) अन्य वडाका जात्रा पर्व सन्चालन गर्न रु २,००,०००/- (दुई लाख)

ख) भिमेश्वर नगरपालिका वडा नं. २ मा फेर प्रथा (बेठी प्रथा) सन्चालनका लागि फेर प्रथा तथा कृषि प्रवर्द्धन समिति, भी.न.पा. २ बाट माग भई आएकोले प्रथा-परम्परा संरक्षणका लागि बजेट शी.नं. ७७ को उत्पादनमा आधारित अनुदान कार्यक्रमबाट रु ५०,०००/- (पचास हजार) उपलव्ध गराउने निर्णय गरियो ।

ग) यस नगरपालिका क्षेत्रभित्र रहेका महिला सहकारी/संस्था/समूहलाई नेपाली नारीहरुको पवित्र पर्व तीज विशेष कार्यक्रम-२०८० सन्चालन गर्न बजेट शी.नं. १४५ को तीज विशेष कार्यक्रम खर्च शीर्षक रु १,००,०००/- र बजेट शी.नं. १२९ को लक्षित वर्ग क्षमता विकास तथा आयआर्जन कार्यक्रमबाट रु १,००,०००/- गरी जम्मा रु २,००,०००/- (दुई लाख) मध्येबाट प्रत्येक वडालाई रु २०,०००/- (बीस हजार) का दरले उपलव्ध गराउने र वडाका लागि विनियोजन भई बाँकी रहेको रु २०,००० (बीस हजार) र बजेट शी.नं. १२९ को लक्षित वर्ग क्षमता विकास तथा आयआर्जन कार्यक्रमबाट रु ५०,०००/- (पचास हजार) गरी जम्मा ७०,०००/- (सत्तरी हजार) नगर कार्यपालिकाको कार्यालयमा तीज विशेष कार्यक्रम-२०८० सन्चालन गर्न उक्त रकम उपलव्ध गराउने निर्णय गरियो ।

घ) नेपाल बार एसोसिएसन, दोलखा शाखाको भवन निर्माण गर्न नगरपालिकाको तर्फबाट आर्थिक सहयोग प्रदान गरि दिन भनि माग भई आएकोले उक्त निर्माण सम्बन्धी कार्य नियम प्रक्रिया अनुरुप गर्ने गरी सो को लागि नगर पूर्वाधार शीर्षकबाट रु २,००,०००/- (दुई लाख) सहयोग प्रदान गर्ने निर्णय गरियो।

ङ) यस नगरपालिका क्षेत्रभित्र रहेका झोलुंगे पुलहरु विगतमा झोलुंगे पुल कार्यक्रमबाट रेखदेख भई आएकोमा विगत केहि वर्षदेखि उक्त कार्यक्रमबाट झोलुंगे पुलहरुको हेरालु नरहेको अवस्थामा झोलुंगे पुलको सामान्य सरसफाई समेत हुन नसकी पुलको संरक्षणमा थप जटिलता आएकोले विगतमा उक्त

२०८०/०५/१०

दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

कार्यक्रमबाट हेरालुको खर्च उपलब्ध हुँदै आएकोमा अब हालको अवस्थामा उक्त कार्य नगरपालिकाबाटै सन्चालन गर्नुपर्ने देखिएकाले सम्वन्धित वडाको सिफारिसमा प्रति पुल एक (१) जनाको दरले हेरालु राखी कार्य जिम्मेवारी दिएको मिति देखि प्रति पुलको लागि हेरालुलाई मासिक रु १,०००/- (एक हजार) का दरले सरसफाई वापतको ज्याला बजेट शि.नं. १५७ को मर्मत सम्भार कोषबाट खर्च लेख्ने निर्णय गरियो ।

च) यस नगरपालिकाको वडा नं. ५ र ८ को कार्यालयमा सेवाग्राहीहरू एवम् कामको चाप बढेकोले कार्यालय सहयोगीको रुपमा कामकाज गर्ने जनशक्तिको आवश्यकता रहेको र यस नगरपालिकामा अतिरिक्त जनशक्ति नरहेको कारणले गर्दा २०८० भाद्र १ गतेदेखि २०८० पौष मसान्तसम्मका लागि वडा कार्यालयको सिफारिसमा वडा नं. ५ र ८ को कार्यालयमा कार्यालय सहयोगी एक/एक जना दैनिक डोर हाजिरी (ज्यालादारी) मा कार्यालय सहयोगी प्रथमस्तरको सेवा सुविधा प्रदान गर्ने गरी कामकाजमा लगाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

छ) यस नगरपालिका वडा नं. ६ रामकोटस्थित सरसफाई केन्द्र पहुँच मार्गको केहि खण्ड हालैको वर्षाको कारण बिग्रिएको एवम् पहिरो आई उक्त सरसफाई केन्द्रमा फोहर व्यवस्थापन गर्न समस्या भएकोले उक्त पहुँच मार्गको र सरसफाई केन्द्र पूर्वाधार निर्माणका लागि नियमानुसार गर्ने गरी मर्मत सम्भार कोषबाट रु ४,००,०००/- (चार लाख), उपलब्ध गराउने निर्णय गरियो।

ज) यस नगरपालिकाद्वारा निर्माणाधीन चरिकोट रंगशालाको सडक तर्फ रहेका कोठाहरुमा सटर राखी नगरपालिकाको राजस्व संकलनमा सहयोग पुऱ्याउनका लागि बिद्यमान अवस्थामा सटरहरुको लागत अनुमान छुट भएकोले उक्त रंगशालाको सटरहरु लगायत सो सम्वन्धी आवश्यक कार्य गर्नका लागि लागत अनुमान तयार गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

झ) भीमेश्वर नगरपालिकाको नगर बृहत योजना, २०७७ (२० वर्षे) मा समयसापेक्ष पुनरावलोकन तथा परिमार्जनका लागि प्रस्तुत भएको कार्यपात्रो स्वीकृत गर्ने निर्णय गरियो ।

२०८०/०५/१०
दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत